[NJ1]

# सनशाईन सामाजिक विकास संस्था

## बुद्धभूमि न.पा.–१०, चेतरादेई




# सामाजिक परीक्षण प्रतिवेदन

## २०८०।८१

# प्रतिवेदक

## दिनेश चन्द त्रिपाठी
## स्वतन्त्र सहजकर्ता एवं सामाजिक परीक्षक
## २०८१ साल फाल्गुन ८ गते

## सामाजिक परीक्षण

(क) पृष्ठभूमि :

सामाजिक परीक्षण वा सामाजिक लेखाजोखा भनेको कुनै पनि संस्था/निकायले घोषित सामाजिक उद्देश्य हासिल गर्नका लागी कुनै पनि समुदायमा संचालन गरेका आर्थिक तथा समाजिक कृयाकलापहरुको निर्धारित लक्ष्य/उद्देश्य वा योजना अनुरुप सामाजिक उत्तरदायित्व पुरा हुने गरी भए वा भएनन् भनेर जाँच गर्ने एउटा सहभागितात्मक प्रकृया हो । यसले संस्थाको सामाजिक तथा नैतिक कार्यसम्पादन मापन गर्न औजारको रुपमा काम गर्दछ । जसमा नीति तथा योजना निर्माण प्रकृया देखि कार्य सम्पादन र त्यसको सामाजिक तथा वातावरणीय असर तथा प्रभाव सम्मका सबै पक्षहरुको तथ्यपरक विश्लेषण गरिएको हुन्छ । यसले सरोकारवाला र अधिकारवाला प्रति जवाफदेही, उत्तरदायी र पारदर्शी बनाउन उत्प्रेरित गर्छ । यो प्रक्रियाले सरोकारवाला, लक्षित समुदाय, दातृ निकाय र कार्यान्वयन संस्था बीच सम्बाद र अन्तर्कृया गर्न अवसर प्रदान गर्छ । साथै यसले सबै सरोकारवाला र लक्षित समुदायहरु बीच विश्वासको वातावरण सृजना गर्छ ।

यस सामाजिक परीक्षणले कार्यक्रम, सेवा र बजेटका सबै आवश्यक अभिलेखहरु दुरुस्त तथा अध्यावधिक गराई त्यसको परीक्षण र सार्वजनिकरण गर्न तथा संस्थालाई सामाजिक उत्तरदायित्व प्रति सजक र उन्मूख गराउनुको साथै संस्थाको पारदर्शिता र छवीलाई जनमुखि बनाउन मद्दत पुग्दछ । सामाजिक परीक्षण सार्वजनिक निकाय भित्र सुशासनका अभ्यास प्रर्वधन गर्ने एउटा प्रक्रिया हो ।

नेपाल सरकारले सुचनाको हक सम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५ पारित गरेको छ । यो ऐन सोही मिति देखि लागु भएको छ । सूचनाको हकको मुख्य उद्धेश्य सार्वजनिक संस्थाहरुमा पारदर्शिता प्रर्वद्धधन गर्नु र ब्यक्तिको सूचना पाउने अधिकारको सम्मान गर्नु रहेको छ । यो ऐन सार्वजनिक निकायका लागि अनिवार्य छ । सरकारले ल्याएको यस्तो नीतिले सरकारी तथा सामाजिक विकास संस्थाहरुको तहमा सामाजिक र सार्वजनिक लेखाजोखालाई अनिवार्य बनाएको छ ।

नेपालमा नयाँ संबिधान २०७२ लागु भई सके पश्चात संबिधानमै मौलिकहकको रुपमा धारा २७ मा सूचनाको हक तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ (आन्तरीक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नुपर्ने)को उपदफा २(१) र ५मा स्थानीयतहले सार्वजनिक सेवाप्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनीक परीक्षण, सामाजिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम संचालन गरिनु पर्ने प्रवधान भएकाले, सोको अधिनमा रहि संस्थाहरुले पनि सामाजिक परीक्षण कार्यक्रम संचालन गरिदै आएको छन ।

सनसाइन सामाजिक बिकास संस्थाले समुदायमा गरेको लागानी अनुसारको प्रतिफल प्रभावकारी भयो भएन? अधिकारवालावर्गहरुले कार्यक्रमलाई आत्मसात गरे गरेन? सिकाईहरु के के रहे? के कुरामा अझै सुधार गर्नु पर्दछ? जवाफदेहिताप्रतिको सचेतनालाई कसरी बलियो बनाउन सकिन्छ?आदि जस्ता जिज्ञशाहरुलाई मेटाउन सेवादिने र लिने

मात्र नभई जिम्मेवार र जवाफदेहि संस्थाको रुपमा चिनाउन सामाजिक परीक्षण गरिएको हो । संस्थाले यसलाई निरन्तरता दिई रहेको छ ।

**(ख) सामाजिक परीक्षणको लक्ष्य :**

सस्थाको जवाफदेहिता, पारदर्शीता, सहभागिता, कानुनी शासनको प्रवर्धन, प्रभावकारिता एवं कार्य दक्षता र रणनीतिक दृष्टिकोणले संस्थागत सुशासनलाई उच्चबिन्दुमा लैजानु ।

**(ग) सामाजिक परिक्षणका उद्धेश्यहरुः**

- यस संस्थाले सामाजिक क्षेत्रमा घोषित गरेका आर्थिक तथा सामाजिक क्रियाकलापहरु निर्धारित लक्ष्य/उद्देश्य वा योजना अनुरुप सामाजिक उत्तरदायित्व पुरा हुने गरि भए वा भएनन् भनेर जाँच गर्नु ।
- संस्थाको सामाजिक परिक्षण प्रतिवेदन सार्वजनिकीकरण गर्ने तथा अधिकारवाला र सरोकारवालाहरुका रचनात्मक सुझावका साथै सामाजिक लेखा परीक्षण गर्दा आफुले प्रत्यक्ष अनुभुति गरेका महत्वपुर्ण सुझावहरु प्रस्तुत गरि भावि कार्य सम्पादनलाई प्रभावकारी बनाउन मार्गदर्शन प्रदान गर्ने ।
- संस्थाले संचालन गरेका कार्यक्रम, सेवा र बजेटका सबै आवश्यक अभिलेखहरु अध्ययन, परीक्षण, विश्लेषण गरी प्रमाणिकताको जँच गर्ने ।
- संस्थालाई सामाजिक उत्तरदायित्वप्रति सजक र उन्मूख गराउनुको साथै पारदर्शिता र छवीलाई जनमुखि बनाउन मद्दत पुर्‍याउने ।

**(घ) सामाजिक परिक्षणको अवधि :**

आ.ब २०८०/०८१

**(ङ) सामाजिक परिक्षणको बिधि प्रक्रिया :**

सामाजिक परीक्षणको माध्यमद्धारा संस्थाका सवल तथा सुधारात्मक पक्षहरुको यथास्थिति पत्ता लगाउन अनुसन्धानात्मक प्रक्रिया अपनाईएको थियो । उक्त सम्पुर्ण प्रक्रियाहरुमा तथ्याङ्क संकलन, प्राप्त विवरणको आधारमा बिश्लेषण तथा निश्कर्ष सम्म आईपुग्दा तपशील अनुसारका अनुसन्धनात्मक विधिहरुको प्रयोग गरिएको थियो ।

- संस्थाले संचालन गरेका कार्यक्रम, सेवा र बजेटका सबै आवश्यक अभिलेखहरु अध्ययन र विश्लेषण ।
- सम्बन्धित संस्थाका कार्यसमितिका पदाधिकारीहरु तथा अन्य सकृय सदस्यहरुसंग छलफल गरी आवश्यक जानकारीहरु हासिल ।
- सामाजिक परीक्षणका सम्बन्धमा सम्बन्धित संस्थाले आयोजना गरेको छलफल, बैठक एंव लक्षित समूदायको सहभागितामा संचालित अभिमुखिकरण गोष्ठीमा सहभागि ।
- संस्थाले गरेका गतिविधि/कृयाकलाप/Case study सम्बन्धि पत्रपत्रिकाबाट संकलित सुचनाहरुको अध्ययन् ।
- संस्थागत भ्रमण गर्दा विभिन्न आगन्तुकहरुले संस्था सम्बन्धमा राखेका धारणा तथा संस्थाले कार्यगत शिलशिलामा प्राप्त गरेको प्रसंसा पत्रहरुको अभिलेखको अध्ययन् ।
- संस्थासंग सम्बन्धित अधिकारवाला तथा सरोकारवालाहरुको राय/सुझाव संकलन तथा उपलब्धी सम्बन्धि जाँच गर्न स्थलगत अध्ययन् ।

**(च) सनशाईन सामाजिक विकास संस्थाले सामना गरेको चुनौतिहरु :**

- विद्यालयमा भर्ना गराएका बालबालिकाहरु अझै पनि कक्षा छोड्ने क्रम रहेकोले परियोजनाको लक्ष्यमा चुनौति
- युवा क्लवका पदाधिकारीहरु तथा सदस्यहरु सक्रिय भएर कार्य गर्ने बेलामा कोई वैदेशिक रोजगारमा, कोई गुणस्तरीय शिक्षाका लागि अर्को जिल्ला वा स्थानिय ठांउबाट टाढा बसेर अध्यनका लागि गई दिन्छन् ।
- आर्थिक स्रोतको पुर्ण व्यवस्थापन हुन नसक्नु । कार्यक्रम संचालनमा महिला सहभागिताको औसतन कमी देखिएको ।
- समुदाय तथा विद्यालयमा कार्यक्रम प्रति अपनत्वको भावनामा कमी रहेको ।
- संस्थामा परियोजना सिमित रुपमा रहेकोले आर्थिक सबलतामा अप्ठारो भएको ।

**(छ) सहभागिहरुको विवरण :**

| महिला | पुरुष | जम्मा | दलित | जनजाति | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|
| ६ | ३३ | ३९ | १ | ९ | १ | २८ |

**(ज) संस्था तथा कार्यक्रमको बारेमा सहभागिहरुबाट व्यक्त धारणाहरु**

- **शिवलाल यादव** (**अध्यक्ष, कपिलबस्तु अस्पताल**) **:**
  बिगतका समयमा यस संस्थासम्म आउन र यहांबाट जान धेरै नै कठिनाईमा संस्थाले समाज रुपान्तरणका लागि महत्वपुर्ण भुमिका निर्वाह गर्दे यहाँ सम्म पुगेको छ । परियोजनागत उपलब्धी तथा संस्थागत उपलब्धीहरु महत्वपुर्ण छन । यस संस्थालाई सहयोग गर्ने सम्पुर्ण दातृ निकाय तथा सहयोगी संस्था र ब्यक्तिहरु धन्यवादका पात्र छन । रेडियो कपिलबस्तुलाई १०० वाट बाट ५०० वाट सम्म पुर्‍याउन हाम्रो बुद्धभुमिका नगर प्रमुखवाट ठुलो सहयोग प्राप्त भएको छ । संचार जगत माफिया जगतको रुपमा परिणत हुदै छ । चिन्ताको बिषय भएको छ । पैसा भए पैसावाट सहयोग गर्नु नभए मनवाट सहयोग गर्नु । संस्था तथा रेडियो सदैव सहकाय तथा समन्वय गर्न तत्पर रहने छ ।
- **भरत भुषाल** (**पुर्व संचालक रेडियो लुम्बिनी**) **तथा रेडियो कपिलवस्तुको उत्प्रेरक :**
  आज संस्थाको सामाजिक परीक्षण त छदैछ तर रेडियोले आफ्नो १६ बर्ष पुरा गरी १७ बर्षमा प्रवेश गर्दे जाँदा बिगतका दिनलाई सम्झदा मैले डा.महेश्वर यादवलाई सोधे सबैका लागि शिक्षा तथा अधिकारको वकालत गर्दे जाँदा आफ्नो घर नै अध्यारो हुने भनि प्रश्न गरे ? यस बिषयमा अथक प्रयासका बाबजुत रेडियोको स्थापना भयो जुन जनेटरबाट संचालन हुने यो नेपालकै नै पहिलो रेडियो हो । यसको बिशेषता भन्ने बहु भाषामा आफ्नो कार्यक्रम संचालन गरेको छ । नेपाली, अवधी तथा थारु भाषामा कार्यक्रम संचालन हुदाँ समुदायले गर्व गरेका छन । अहिले नयाँ प्रबिधिका कारण रेडियो संकटमा छन तर यसवाट जोगिनका लागि अनरवत प्रयासमा लाग्नु पर्दछ । हाल कुसंगति तथा कुप्रथावाट प्रेरित नयाँ प्रबिधिका कारण खतरा उत्पन्न भएको छ । संचार जगत झुठो र अराजक भएको छ । यसवाट बँच्नका लागि जिम्मेवार संस्थागत रेडियोलाई मजबुत पर्ने आवश्यक रहेको छ ।
- **संदीप कुमार पाण्डेय वार्ड अध्यक्ष, बुद्धभुमि न.पा १०:**
  संस्था तथा रेडियोले समाजमा जनचेतना फैलाउनमा ठुलो योगदान गरेको छ । अवधी तथा थारु भाषामा समेत समाचार सम्प्रेंण गर्दा जनताको सुसुचित हुने सुचनाको हकलाई परिपुर्ति गर्दे आएको छ । म तथा मेरो वार्डको सदैव यस संस्था प्रति सहयोग तथा सहकार्य रहने कुराको बिश्वास दिलाउदै छु ।

- **डिलाराम भुषाल अध्यक्ष पत्रकार महासंघ, कपिलबस्तु :**
  यस संस्थाले रेडियो कपिलबस्तुको स्थापना गर्दै कपिलबस्तुमा संचार जगतलाई चलायमान बनाएको प्रति कृतज्ञता ब्यक्त गर्दछु । जिल्लावासीको आफ्नो भाषामा समाचार सम्प्रेण गर्दा सुसुचित हुने तथा अधिकारको वकालत गर्दै आफ्नो पिडालाई राख्न लगाई सरकारलाई जवाफदेही बनाएकोमा ह्दय देखि धन्यवाद दिन्छु । रेडियोहरु संकटकै अवस्थामा छन यी कुरा हामी सबैलाई अवगत नै छ । हाल यसवाट उन्मुक्तिका लागि हामीले खेल्ने भुमिका निर्वाह गर्न म तत्पर छु । बिभिन्न अप्रसंगिक कार्यहरुवाट रेडियोको स्रोत मर्न गई रहेको छ यस प्रति सचेत हुन जरुरी छ ।
- **जय प्रकास पाण्डेय अध्यक्ष गैसस महासंघ कपिलबस्तु :**
  हाम्रो जे उद्धेश्य थियो त्यो पुरा भएको छ । सामाजिक परीक्षणको कुरा हाम्रो जिल्लामा पश्चिमाञ्चल बिकास क्षेत्र हुदाँ देखि यसै सस्थांले शुरुवात गरेको हो । शुरुवातमा धेरै मिहनेतवाट सम्भव भएको थियो । शुरुमा हामीलाई पनि लाग्द्थ्यौ कि किन सबै कुरा बताउने तर पछि गर्दै जाँदा सबै बताउनु पर्दछ लाग्न थाल्यो । बिगत बर्षको सामाजिक परीक्षणमा प्राप्त सुझावहरु तथा रायहरु संस्थागत रुपमा कति हद सम्म पुरा गर्न सफल भए वा भएन भन्ने कुरा पनि प्रस्तुतीकरणमा आएको भए अझै राम्रो हुन्थ्यौ । सामाजिक परीक्षणले गर्दा सबैले थाहा पाउने वाताबरण बनेको छ ।
- **कमलेश शरण चौधरी, शुद्धोधन गाँउपालिका अध्यक्ष :**
  संस्थाले हामीलाई जुन खाँदा ओढाएको छ त्यसको पनि एउटा सन्देश दिन खोजेको हो । यसको रंग निलो छ, यसको सन्देश भन्ने समानता हुनु पर्दछ र हाम्रो संस्थामा त्यो कुरा छ । यसै रंगको मुल्य मान्यतालाई आत्मसात गर्दै संस्थाले आफ्नो लक्ष्य, ध्येय तथा उद्धेश्यहरुलाई पुरा गर्दै गइरहेको छ । संस्थागत प्रस्तुतीकरणलाई हेर्दा मुस्लिम महिलालाई समाबेशी गराउनु पर्ने देखिन्छ । बृद्धा आश्रम निर्माण गराइएको सम्म राम्रो छ तर यो त निःसन्तानका लागि उपयोग हुनु पर्दछ । छोरा तथा छोरीवाट परिपुर्णका आमा बुवाका लागि यसको उपयोगिता हुदै न होस भन्ने तर्फ पनि आम सचेतीकरण गर्न जरुरी छ नत्र छाडा चौपायाको स्थिति आउने छ । मधेश अन्दोलनका क्रममा मेरो पहिलो अर्न्तवार्त्ता यसै रेडियोवाट प्रसारण भएको कुरा बताउदै यस संस्थालाई जनताको आवाजलाई जन जनमा पुर्‍याउनमा गरेको सहयोग प्रति धन्यवाद दिन्छु । मेरो प्रायः यस संस्था संग सम्बाद भई रहन्छ किन कि मेरो पालिकाका भाईहरु पनि यसमा काम गरि रहनु भएको छ । मिडियाबाट पनि बिभेद भएको म महसुस गरेको छु । कुनै कार्यक्रममा हामी सबै पालिका प्रमुखहरु छौ भन्ने सामाचार तथा फोटो हेर्दा हाम्रो भनाईहरु तथा फोटाहरुमा हामीलाई हटाएर प्रस्तुत गरिन्छ । मिडियाका साथीहरुमा आँखाको रोग लागेको हो वा नियतको रोग छ बुझ्न गाह्रो छ । यसवाट मिडिया जगत बच्नु पर्दछ । म तथा मेरो पालिकाबाट हुने सहयोग तथा सहकार्य निरन्तर हुनेछ भनी प्रतिबद्धता ब्यक्त गर्दछु ।
- **केशव कुमार श्रेष्ठ, बुद्धभुमि नगरपालिका प्रमुख :**
  संस्थागत तथा कार्यक्रमगतका बिवरणलाई किताबै बनाएर हामी माँझ दिनु भएकोमा र प्रस्तुतीकरण गरेकोमा धन्यवाद । संस्थाले समाजमा पुर्‍याएको महत्वपुर्ण कार्यहरुमा आम सचेतीकरण, सुचनाको हकको प्रर्वधन, बिभिन्न खाले राष्ट्रिय अभियानको वकालतमा संस्थाले गरेको कार्य प्रति मेरो पालिकाले अविश्वर्मणीय रहेको छ । सामाजिक परीक्षण परियोजना तथा संस्थाको कार्यक्षेत्रमा गर्दा अझै महत्वपुर्ण राय सुझाव प्राप्त गर्न सकिन्छ र यसले राम्रो प्रभाव पर्ने थियो । Online पत्रिकाबाट FM रेडियोलाई संकट भएकै हो तर यस संकटलाई हटाउन सबैको सहयोग तथा खास गरेर मिडिया जगतले नै एकद्धार प्रणाली अपनाई हटाउन सक्दछन । संचार जगतले पनि कार्य एकातिर र बिल भरपाई एकातिर गरेर हामी कहाँ आउदा समस्या भएको छ । बेरुजु भएको छ । संस्था म तथा पालिकावाट जति समन्वय र सहकायमा हातोमालो गर्नु पर्नेमा गर्न नसकेकोमा दुःख महसुस गरेको छु । कानुन तथा नीति र नियमवाट मिल्ने सम्म म र पालिकाले सहयोग गर्न तयार रहेको छ ।

(झ) सहजकर्ताको आफ्नो अनुभव, सिकाई तथा आगामी सुझावका लागि सिफारिस

अनुभवहरु :

- ❖ यस जिल्लामा गैर सरकारी संस्थाद्धारा सामाजिक परीक्षणको निरन्तरता गरिएकोमा सरोकारवाला पालिकाको पदाधिकारीद्धारा प्रशांसा, उत्सुक्ता तथा अपनत्वताको बृद्धि भएको महसुशीकरण गरिएको ।

सिकाइहरु :

**सबलपक्षहरुः**

१) संचालित परियोजना तथा कार्यक्रमहरुले लाभान्वित समुदाय तथा समूहहरुको ज्ञान, सीप तथा क्षमता अभिबृद्धिमा सहयोगी भुमिका खेलेको र उनीहरु कार्यक्रम प्रति अपनत्वको भावना अभिबृद्धि/विकास भएको छ ।

२) संचालित कार्यक्रम तथा परियोजनाहरुको स्थलगतरुपमा स्थानीयस्तरमा यसको प्रभावकारिता र सुशासनको अनुगमन तथा मुल्याङ्कनका लागि सामाजिक परिक्षण कार्यको निरन्तरता हुनु आफैमा उदाहरणीय छ ।

**सहजकर्ताको तर्फबाट सुझावहरु :**

- ❖ जवाफदेहिता, पारदर्शीता तथा उत्तरदायित्वको सुनिश्चित्ता प्रदान गर्न सरोकारवालाहरुको संलग्नतामां सामाजिक परीक्षणको क्षेत्रहरुलाई बढाउदै लैजादा अझै प्रभावकारी हुने देखिन्छ ।
- ❖ सामाजिक परीक्षणको दायरा अझै बृद्धि गर्दै लैजानु पर्ने ।

## निष्कर्ष :

सस्थाले.आफ्ना समग गतिबिधिहरुको नियमितता, प्रभावकारिता, सान्र्दभिकता आदिका बारेमा प्रभावित समुह, लक्षित समूह वा अधिकारवाला तथा सरोकारवालाहरु माझ लेखाजोखा, बिश्लेषण र मुल्याङ्कन गरि उनीहरुबाट सहि पृष्ठपोषण लिई आफुलाई मार्गनिर्देश गर्ने उद्धेश्यका साथ सामाजिक परीक्षण गरिएको छ । यस कार्यलाई संस्थागत गरि सुशासनतर्फ उन्मुख रहेको अवगत गराँउछ । बिगतका बर्षदेखि नै सामाजिक परिक्षण गर्दै आएकाले सुशासन प्रर्वद्धनमा थप टेवापुग्ने सुनिश्चत नै छ ।

## अनुसुचिहरु :

**१.सनसाइन सामाजिक बिकास संस्थाको संस्थागत तथा कार्यक्रमहरुको प्रस्तुतिकरण**

**२. सहभागीहरुको उपस्थिति**

**३.कार्ययोजना**

**४.सामाजिक परीक्षणको कार्यतालिका**

**५.श्रव्यदृष्य सामाग्रीहरु**

## कार्ययोजना

| क्रस | सवाल | संम्वोधनका लागि आवश्यक पहल कदमी | समयावधी | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | संस्थामा मुस्लिम महिला सदस्य, कर्मचारीमा नरहेको देखियो । | कपिलवस्तु जिल्लाको दक्षिणी क्षेत्रमा महिलाहरुलाई सामाजिक क्षेत्रमा सरिक गराउन चुनौती छ अझ त्यसमा पनि मुस्लिम महिलाहरुलाई त झन गाह्रो छ । वितगमा संस्थाको लेखापालमा र सामाजिक परिचालक र बाल संरक्षण सहायक अधिकृतमा १, १ जना मुस्लिम महिला कर्मचारीमा हुनुहुन्थ्यो । आगामी दिनमा पनि मुस्लिम महिलालाई सदस्यमा र कर्मचारीमा प्राथमिकता दिएर जानेछौ । | आउने अर्को सामाजिक परिक्षण कार्यक्रमसम्ममा | अध्यक्ष र कार्यसमिति |
| २ | सामाजिक परिक्षण संस्थाको कार्यक्षेत्रमा गरिनु पर्ने जसले प्रभावकारिता हुन्छ । | विगतमा कार्यक्षेत्रमा नै सामाजिक परिक्षण गर्ने गरेको यस बर्ष मात्र संस्थाको कार्यालयमा गरिएको हो । अर्को सामाजिक परिक्षण कार्यक्रम संस्थाको कार्यक्षेत्रमा नै गरिने छ । | २०८२ को सामाजिक परिक्षण गर्दा | अध्यक्ष र परियोजनाका कर्मचारीहरु |
| ३ | बुद्धभूमि नगरपालिकासंग समन्वय कम भएको छ । | विगतमा राम्रो समन्वय भए पनि हाल समन्वयमा कमी आएकाले आगामी दिनहरुमा समन्वय र सहकार्य बढाइने छ । | आ.ब. २०८२/०८३ भित्र | अध्यक्ष र परियोजनाका कर्मचारीहरु |
| ४ | रेडियोको श्रोता कमी भएकोले नयाँ तरिकाबाट सञ्चालन गर्नु पर्ने । | विभिन्न पालिकाहरुसंग सहकार्य र समन्वय गरेर श्रोतको खोजी गरि अनलाइन प्रशारण गरेर श्रोताहरु माझ पुगी श्रोताहरुको मन जित्ने प्रयास गरिने छ । | आ.ब. २०८२/०८३ भित्र | अध्यक्ष र रेडियोका स्टेसन म्यानेजर |

कृष्ण कुमार श्रेष्ठ
दस्तखत.........................
अध्यक्ष
सनशाईन सामाजिक विकास संस्था
मोबाईल नं. ९८४७०४०८७०

दिनेश चन्द त्रिपाठी
दस्तखत .............................
स्वतन्त्र सहजकर्त्ता एवं सामाजिक परीक्षक
मोबाईल नं. ९८५७०५०६०६

आज मिति २०८१ साल फाल्गुन ८ गते बिहिवार यस सन-शाईन सामाजिक विकास संस्थाको आ०व०२०८०/०८१ को सामाजिक परिक्षण कार्यक्रम संस्थाका अध्यक्ष श्री कृष्ण कुमार श्रेष्ठको अध्यक्षता र बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको प्रमुख आतिथ्यतामा हुन गइरहेको मा उपस्थिती तपसिल अनुसार रहेको छ।

उपस्थिती

१- कृष्ण कुमार श्रेष्ठ - अध्यक्ष -
२- केशव कुमार श्रेष्ठ - नगर प्रमुख बुद्धभूमि न० पा० -
३- कमलेश शरण चौधरी - अध्यक्ष शुद्धोधन आ०क०क्ल० -
४- दिलिप कुमार यादव - सचिव - यन (माइत) सिक्ति (नेपाल)
५- जय प्रकाश पाण्डेय - गौ०क०ख०महासंघ कपिलवस्तु, अध्यक्ष -
६- टिलाराम गुप्ताल - नेपाल पत्रकार महासंघ अध्यक्ष क०व०-
७- सन्दीप पाण्डेय - वडा अध्यक्ष / बुद्धभूमि-१० -
८- नारायण पौडेल - रेडियो क०व० सदस्य / वरिष्ठ पत्रकार -
९- भरत गुप्ताल - " " संस्थापक -
१०- सुशिल चौधरी - वडा अध्यक्ष बुद्धभूमि-४ -
११- संजय कु० पासी - सामाजसेवी / सामाजिक अभियन्ता -
१२- कृष्ण नाथ पाण्डेय - सामाजिक विकाश प्रमुख यशोधरा उ०पा० -
१३- रोमलाल खनाल - रेडियो संस्थापक सदस्य -
१४- चन्द्र प्रकाश दुबे - वडाध्यक्ष यशोधरा गाउँपालिका -
१५- वशिष्ठ मिश्रा शुद्धोधन ६-
१६- रामउजागिर यादव वि०व्या०स० अध्यक्ष यशोधरा-सिहोरवा मा०वि
१७- प्रमोद कुमार उपाध्याय प्र०अ० श्री रा०मा०वि० "
१८- रामवृक्ष यादव " श्री सरस्वती आ०वि० यशोधरा-रामपुर
१९- विश्वेश्वरी यादव " मदरसा अन्वारुल उलूम ...
२०- सुमित्रा गुरुङ जिल्ला स्तरीय किशोरी अधिकार मंच अध्यक्ष
२१- रत्नी थारु - सदस्य
२२- परशुराम यादव - सदस्य
२३- शुद्धोधन सन्शाइन - स्थानीय समन्वयक
२४- तुलसी राम यादव - CSDC सदस्य -
२५- राम लखन जायसवाल
२६- भुपाल थापा - प्र०नि० रेडियो परिवर्तन, तौ०
२७- भगवान दास माझी SSTO कोषाध्यक्ष

| | | | |
|---|---|---|---|
| २८- | निर्मला यादव | SSDO/MFO | Nirmala |
| २९ - | दिलीप चन्द्र त्रिपाठी | सहजकर्ता | [signature] |
| ३० - | सरस्वती थारु | SSDO सदस्या | [signature] |
| ३१ - | हरि किरतनिया थारु | SSDO उपअध्यक्ष | [signature] |
| ३२ - | सन्तोष कलवार | हुडोल कि.कि तथा युवा मञ्चगाल (सचिव) | [signature] |
| ३३ - | सम्सुल्लाह मु - | | सम्सुल्लाह मु |
| ३४ - | शिव लाल यादव | | [signature] |
| ३५ - | सरिता त्रिपाठी | वडा अध्यक्ष | .सरिता |
| ३६ - | राम सेवक यादव | सा. सदस्य | [signature] |
| ३६ - | गोपी कृष्ण मिश्र | का.सदस्य | [signature] |
| ३८ - | सुशिला यादव | SSDO | [signature] |
| ३९ | सरस्वता पोखरेल | का.स | सरस्वता |

आजको यस कार्यक्रममा तपसिलका विषय वस्तु हरु मा छलफल भयो तथा सुझावहरु रहेको छन्।

१- संस्थाभित्र सदस्य, कर्मचारीहरुमा मुस्लिम महिलाहरुको सहभागिता नरहेकोले आगामी दिनमा मुस्लिम महिलाहरु लाई सदस्यता दिनु पर्ने र कर्मचारीमा पनि मुस्लिमलाई प्राथमिकता दिनु पर्ने।

२- संस्थाले संचालन गरेका कार्यक्रमहरुमा कचहरी नाटक सबै भन्दा प्रभावकारी देखिन्छ।

३- संस्थाले सामाजिक परिक्षण गरेर पारदर्शिता तर्फ राम्रो काम गरेको छ।

४- सामाजिक परिक्षण कार्यक्रम जुन नपालिकामा कार्यक्रम संचालन भएको हो त्यही स्थानमा गर्दा प्रभावकारी हुन्छ। कार्यालयमा नगर्दा राम्रो हुन्थ्यो।

६- सामाजिक परिक्षण गर्दा गत वर्ष उक्त कार्यक्रममा आएका सुझावहरु पनि प्रस्तुत गरेमा राम्रो हुन्थ्यो।

[signatures]